# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः९ | संख्याः १ | प्रमाणिकरण मितिः २०८३/०१/०३

भाग २


## जीतपुरसिमरा उपमहानगरपालिका

## घर घरमा नगर अस्पताल कार्यक्रम निर्देशिका, २०८३

**<u>प्रस्तावनाः</u>**

जीतपुरसिमरा उपमहानगरपालिकाले नसर्ने रोगहरुको रोकथाम गर्न, रोग लागिसकेका व्यक्तिहरुको समयमै पहिचान र उपचारका प्रभावकारी उपाय गर्न, वृद्धवृद्धा तथा असक्त, अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गई नियमित स्वास्थ्य परीक्षण गरी रोगको प्रारम्भिक पहिचान, औषधि वितरण, परामर्श सेवा तथा स्वास्थ्य सचेतना अभिवृद्धि जस्ता सेवाहरू प्रदान गरी नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउन, स्वास्थ्य बीमा कार्यक्रम प्रवर्द्धन गर्नुका साथै समग्र जनसमुदायलाई नगर अस्पतालसँग जोड्दै रोगको जटिलता घटाई समग्र स्वास्थ्य प्रणालीलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ र केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यस कार्यविधिको नाम “घर घरमा नगर अस्पताल कार्यक्रम निर्देशिका, २०८३” रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “घर घरमा” भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाका भित्र बसोबास गर्ने हरेक जनताको घरलाई सम्झनु पर्छ ।

(ख) “नगर अस्पताल” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत रहेका नगर अस्पतालहरुलाई सम्झनु पर्छ ।

(ग) “उपमहानगरपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपलिका सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “उप-प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जीतपुरसिमरा उपमहानगरपलिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) “जनस्वास्थ्य शाखा प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) “ऐन” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको स्वास्थ्य ऐन, २०७५ सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उदेश्य

३. <u>कार्यक्रमका उदेश्यहरुः-</u> देहायका उदेश्यहरु हासिल गर्नको लागि घर घरमा नगर अस्पताल कार्यक्रम लागु गरिएको छ ।

(क) प्रमुख नसर्ने रोगहरु मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धि रोगको प्रारम्भिक पहिचान गर्ने ।

(ख) व्यक्तिको शरीरको उचाई र तौल अनुपात (BMI) को समुदायमै प्रारम्भिक पहिचान गर्ने ।

(ग) स्वास्थ्य बिमा कार्यक्रम प्रबर्द्धन गर्ने ।

(घ) समग्र जोखिम समुदायलाई नगर अस्पताल सँग जोडने (मुख्य) ।

(ङ) संकास्पद क्षयरोग बिरामीको पहिचान तथा उपचार गर्ने ।

(च) स्वास्थ्य सेवाको पहुँच र उपभोग दर बृद्बि गर्ने ।

४. <u>लक्षित समूहः</u>

(क) जीतपुरसिमरा उपमहानगरपालिका भित्र बसोबास गर्ने ज्येष्ठ नागरिक ।

(ख) जीतपुरसिमरा उपमहानगरपालिका भित्र बसोबास गर्ने अपाङ्ग (क वर्गको) ।

(ग) जीतपुरसिमरा उपमहानगरपालिका भित्र बसोबास गर्ने अशक्त ।

(घ) जीतपुरसिमरा उपमहानगरपालिका भित्र बसोबास गर्ने ३० वर्ष माथिका नागरिक (BMI को लागि मात्र)

५. <u>जनशक्ति व्यवस्थापनः</u>

(क) स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई परिचालन गरि स्क्रिनिङ गर्ने,

(ख) संचालित क्रियाकलापको अभिलेख राख्ने तथा प्रतिवेदन गर्ने,

(ग) नगर अस्पताल र स्वास्थ्य वीमा दर्ता सहयोगी सँग को समन्वयमा यस कार्यक्रम कार्यान्वयन गर्ने ।

## परिच्छेद-३
## <u>कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन सम्यन्त्र</u>

६. <u>निर्देशक समितिः</u>

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, निर्देशन दिन, आवश्यक समन्वय, अनुगमन, मुल्याङ्कन, सहजिकरण तथा कार्यान्वयनमा कठिनाई परेमा आवश्यक व्यवस्था मिलाउन तपशिल बमोजिमका पदाधिकारी एवम् सदस्यहरु रहने गरी एक निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| क. नगर प्रमुख | - अध्यक्ष |
| ख. नगर उप-प्रमुख | - सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ. नगर अस्पताल प्रमुख | - सदस्य |

जीतपुरसिमरा उपमहानगरपालिका

ङ. जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख - सदस्य सचिव

(२) निर्देशक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ, र निजको अनुपस्थितिमा समितिको उपाध्यक्षले गरनेछ ।

(३) निर्देशक समितिले आवश्यक्ता अनुसार विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको क्रियाकलाप तथा कार्यविवरणहरु स्विकृत गर्ने,

(ख) कार्यक्रमको आवधिक तथा प्रभावकारी मुल्याङ्कन एवम् समिक्षा गरी पुनरावलोकन गर्ने,

(ग) कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति, नियम, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सिफारिस गर्ने,

(घ) कार्यक्रम सञ्चालन गर्न अन्य सरकारी, गैह्रसरकारी तथा निजी क्षेत्रहरुसँग समन्वय गर्ने,

(ङ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गर्ने,

(च) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशन गर्ने,

(छ) कार्यक्रमको गुणस्तर निर्धारण गर्ने गराउने,

(ज) जनस्वास्थ्य प्रवर्द्धन शाखा मार्फत पेश भएको प्रगति प्रतिवेदन सम्बन्धमा समिक्षा गरी आवश्यक निर्देशन दिने।

## परिच्छेद- ४
## कार्यक्रम संचालन प्रक्रियाः

८. <u>कार्यक्रम संचानलन गरिने स्थानः</u> जीतपुरसिमरा उपमहानगरपालिकाको सम्पूर्ण वडाहरुमा क्रमश यो कार्यक्रम संचालन गरिनेछ ।

९. <u>मुख्य गतिविधिहरुः</u>

**क.** <u>मधुमेह स्क्रिनिङः</u>

१. लक्षित समुह व्यक्तिको Glucometer को माध्यमबाट रगतमा चिनिको मात्रा परिक्षण गर्ने र खालि पेटमा रगत जाँच गर्दा (Fasting plasma Blood sugar ≥ 126mg/dl) वा जुन सुकै बेलाको रगत जाँच गर्दा (Random plasma Blood sugar≥ 200mg/dl) भएमा थप परिक्षणको लागि सिफारिस गर्ने,

२. यूरिन डिपस्टिकको प्रयोग गरि पिसाबमा चिनिको स्तर पहिचान गर्ने र डिपस्टिकको रंग अनुसार परामर्श सेवा प्रदान गर्ने,

३. जाँचको नतिजा जे आए पनि मधुमेह सम्बन्धि जनचेतना र स्वास्थ्य शिक्षा प्रदान गर्ने,

**ख.** <u>उच्च रक्तचापको स्क्रिनिङः</u>

१. ३० वर्ष माथिको व्यक्तिहरुको Sphygmomanometer र Stethoscope प्रयोग गरि रक्तचाप मापन गर्ने,

२. यदि रक्तचाप 140/90 mmHg भन्दा बढि भएमा थप परिक्षण र परामर्शको व्यस्थापन गर्ने,

**ग.** <u>मृगौला सम्बन्धि रोगको स्क्रिनिङः</u>

१. यूरिन डिपस्टिकको प्रयोग गरि पिसाबमा प्रोटिनको स्तर पहिचान गर्ने,

२. विस्तृत जानकारी र निश्चित परिणामको लागि थप परिक्षण गर्न परामर्श गरि नगर अस्पतालमा प्रेषण गर्ने,

**घ.** <u>क्षयरोग स्क्रिनिङः</u>

१. संकास्पद क्षयरोग बिरामीको खकार नमुना संकलन गरि नगर अस्पतालबाट परिक्षण गर्ने,

२. पत्ता लागेका क्षयरोग बिरामीहरुलाई उपचारमा ल्याउने,



जीतपुरसिमरा उपमहानगरपालिका

३. क्षयरोग सम्बन्धि जनचेतना तथा परामर्श सेवा गर्ने,

ङ. <u>स्वास्थ्य बीमाः</u>

१. ज्येष्ठ नागरिक र आपाङ्ग ("क" वर्ग) को निशुल्क तथा अनिवार्य स्वास्थ्य बीमा गर्ने,

२. आम जनसमुदायलाई स्वास्थ्य बीमामा आवद्ध गराउन पहल गर्ने,

च. <u>BMI मापनः</u>

१. तौल र उचाईको आधारमा BMI मापन,

२. BMI मापनः तौल (Kg) लाई उचाई (m) ले दुई पटक भाग गर्दा आउने प्रतिफल नै BMI हो ।

३. BMI असामान्य देखिएमा स्वस्थ्य जिवन शैलि सुधारको उपायहरु अवलम्बन गर्न परामर्श तथा प्रोत्साहन सेवा प्रदान गर्ने,

४. मानकः According to WHO Classification

- ✓ दुबलोपनाः BMI = 18.5 भन्दा कम
- ✓ सामान्यः BMI = 18.5 – 24.9 सम्म
- ✓ बढी तौलः BMI = 25 – 29.9 सम्म
- ✓ मोटोपनाः BMI = 30 भन्दा बढि

१०. <u>आवश्यक सामग्रीहरुः</u>

- यूरिन डिपस्टिक
- यूरिन कन्टेनर
- Glucometer (with strip)
- Lancet
- Cotton roll
- Sprit
- Sphygmomanometer
- Stethoscope
- Pulse Oximeter
- Thermometer
- Weight machine
- Height Board (Adult)
- Height Board (Child)
- MUAC Tape
- Sputum container
- Zip lock
- Gloves
- Mask
- Trash Bag

## परिच्छेद- ५

## <u>विविध</u>

११. <u>नतिजा व्यवस्थापनः</u> स्क्रिनिङमा पत्ता लागेका बिरामीहरुलाई उपचार र परामर्शका लागि नगर अस्पतालमा प्रेषण गर्न सकिनेछ ।

१२. <u>वित्तीय व्यवस्थापनः</u> जीतपुरसिमरा उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट यो कार्यक्रम संचालन गरिनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

१३. सेवा दिने Medical Team को पारिश्रमिक:

(क) Medical Officer प्रतिव्यक्ति प्रतिदिन रु. १५००

(ख) Coordinator प्रतिव्यक्ति प्रतिदिन रु. १०००

(ग) Paramedics Staff प्रतिव्यक्ति प्रतिदिन रु. ७००

(घ) Nursing Staff प्रतिव्यक्ति प्रतिदिन रु. ७००

(ङ) Lab Staff प्रतिव्यक्ति प्रतिदिन रु. ७००

(च) कार्यालय सहयोगी प्रतिव्यक्ति प्रतिदिन यातायात रु. ४००

(छ) FCHV प्रतिव्यक्ति प्रतिदिन यातायात रु. ४००

(ज) खाजा खर्च प्रतिव्यक्ति प्रतिदिन रु. २५०

(झ) खाना खर्च प्रतिव्यक्ति प्रतिछाक रु. ४००

(ञ) यातायात प्रतिव्यक्ति प्रतिदिन रु. २००

१४. अभिलेखिकरण अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण:

(क) कार्यक्रमको अभिलेख अनुसूची-१ मा उल्लेखित ढाँचामा गरिनेछ ।

(ख) कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-२ मा उल्लेखित ढाँचामा गरिनेछ ।

(ग) कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन अनुसूची-३ मा उल्लेखित ढाँचामा जनस्वास्थ्य प्रवर्द्धन शाखाबाट गरिनेछ ।

(घ) जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिका, वडा सदस्य, स्वास्थ्य शाखाबाट कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरि सुधार र समन्वयको लागि सल्लाह सुझाव दिन सक्ने छ ।

(ङ) कार्यक्रमको मुल्याङ्कन तथा पृष्ठपोषण वार्षिक रुपमा निर्देशक समितिले गर्नेछ ।

१५. बाधा अड्चन फुकाउने: यो कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा प्रचलित कानून र यस कार्यविधिको प्रतिकूल नहुने गरी कार्यपलिकाको निर्णयबाट अनुसूची-४ बमोजिमको ढाँचामा बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

# अनुसूची -१

## (दफा १४ को उपदफा (क) सँग सम्बन्धित)

## घर घरमा नगर अस्पताल कार्यक्रम अन्तर्गत अभिलेख फारमको ढाँचा

जीतपुरसिमरा उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

जीतपुर, बारा

अभिलेख फारम

कार्यक्रमः घर घरमा नगर अस्पताल वडा नं.: टोलः

मितिः

| क्र. सं. | सेवाग्राही हरुको नाम थर | उमेर (वर्षमा) | | हाल को समस्या | नयाँ | पुरानो | जाँच / परिक्षण | | | | | | | | निदान | परामर्श/ प्रेषण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | BP(SBP/DBP) | GRBS (mg/dl) | Urine Dipstick | | | Nutritional Status | | | | |
| | | महिला | पुरुष | | | | | | Sugar | Protein | Blood | Weight (kg) | Height (m) | BMI | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

जीतपुरसिमरा उपमहानगरपालिका

# अनुसूची -२
## (दफा १४ को उपदफा (ख) सँग सम्बन्धित)

जीतपुरसिमरा उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

जीतपुर, बारा

घर घरमा नगर अस्पताल कार्यक्रम

प्रगति प्रतिवेदन फारम

वडा न.: टोलः

आ. ब. मितिः देखि सम्म ।

| क्र. सं. | लक्षित समूह | सेवाग्रही संख्या | | | उच्च रक्तचाँप | | | मधुमेह | | | मृगौला रोग | | | क्षयरोग | | | मोटोपना | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ५ वर्ष मुनि | | | | | | | | | | | | | | | | | | |
| २ | ५ वर्ष देखि ३० वर्ष | | | | | | | | | | | | | | | | | | |
| ३ | ३० वर्ष देखि ५९ वर्ष | | | | | | | | | | | | | | | | | | |
| ४ | ६० वर्ष देखि ६९ वर्ष | | | | | | | | | | | | | | | | | | |
| ५ | ७० वर्ष माथि | | | | | | | | | | | | | | | | | | |
| ६ | अपाङ्ग | | | | | | | | | | | | | | | | | | |
| ७ | अशक्त | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | |

जीतपुरसिमरा उपमहानगरपालिका

# अनुसूची -३

## (दफा १४ को उपदफा (ग) सँग सम्बन्धित)

जीतपुरसिमरा उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

जीतपुर, बारा

घर घरमा नगर अस्पताल कार्यक्रम

वार्षिक प्रगति प्रतिवेदन फारम

आ. ब. मितिः देखि सम्म ।

| क्र.सं | लक्षित समूह | सेवाग्रही संख्या | | | उच्च रक्तचाँप | | | मधुमेह | | | मृगौला रोग | | | क्षयरोग | | | मोटोपना | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ५ वर्ष मुनि | | | | | | | | | | | | | | | | | | |
| २ | ५ वर्ष देखि ३० वर्ष | | | | | | | | | | | | | | | | | | |
| ३ | ३० वर्ष देखि ५९ वर्ष | | | | | | | | | | | | | | | | | | |
| ४ | ६० वर्ष देखि ६९ वर्ष | | | | | | | | | | | | | | | | | | |
| ५ | ७० वर्ष माथि | | | | | | | | | | | | | | | | | | |
| ६ | अपाङ्ग | | | | | | | | | | | | | | | | | | |
| ७ | अशक्त | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | |

जीतपुरसिमरा उपमहानगरपालिका

## अनुसूची-४
## (दफा १५ सँग सम्बन्धित)
## बाधा अड्काउ फुकाउने आदेश

यस कार्याविधि कार्यान्वयनमा परेका ........................................................................................ विषयको द्धिविधा वा बाधा अड्काउको सम्बन्धमा प्रचलित कानून विपरीत नहुने गरी देहाय बमोजिम गर्नेः

(क)..........................................................

(ख)..........................................................

(ग)..........................................................

स्विकृत मितिः..............

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका